बैठक संख्या ५९ औं

आज मिति २०७८ असार २० गते विदुर नगरपालिकाका प्रमुख श्री सन्जु पण्डितज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिका बैठक बसियो ।

| नाम | पद | दस्तखत |
|---|---|---|
| श्री सन्जु पण्डित | प्रमुख | |
| श्री गिता कुमारी दाहाल (अर्याल) | उपप्रमुख | |
| श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| श्री बीरेन्द्र कुमार शाही | वडा अध्यक्ष | |
| श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| श्री टलक मान श्रेष्ठ | वडा अध्यक्ष | |
| श्री शिव कुमार चित्रकार | वडा अध्यक्ष | |
| श्री राजु सडौला | वडा अध्यक्ष | |
| श्री महेन्द्र तमाङ | वडा अध्यक्ष | |
| श्री फइ सिं तमाङ | वडा अध्यक्ष | |
| श्री सनी चित्रकार | वडा अध्यक्ष | |
| श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| श्री तोयानाथ तिम्सीना | वडा अध्यक्ष | |
| श्री सिताराम अर्याल | वडा अध्यक्ष | |
| श्री दल बहादुर तमाङ | वडा अध्यक्ष | |
| श्री मुरली मिजार | नगरपालिका सदस्य | |
| श्री राम शरण मिजार | नगरपालिका सदस्य | |
| श्री कुमारी वि.क. | नगरपालिका सदस्य | |
| श्री राज कुमार कुमाल | नगरपालिका सदस्य | |
| श्री विन्दा श्रेष्ठ | नगरपालिका सदस्य | |
| श्री मेनुका चौलागाई | नगरपालिका सदस्य | |
| श्री रश्मी पाण्डे | नगरपालिका सदस्य | |
| श्री रेखा लामा | नगरपालिका सदस्य | |
| श्री मोहन प्रसाद मरासिनी | प्रमूख प्रशासकिय अधिकृत | |

Scanned with CamScanner

# ५९ औं कार्यपालिका बैठक (२०७८।०३।२०)

**प्रस्तावहरु:**

१) नगर उद्योग प्रबर्द्धन समितिमा सदस्य मनोनयन सम्बन्धमा ।

२) भूमी सम्वन्धी समस्या समाधान आयोगको सहजीकरण समितिमा सदस्य मनोनयन सम्बन्धमा ।

३) रकमान्तर गर्ने सम्बन्धमा ।

४) IEE स्वीकृत सम्बन्धमा ।

५) कार्यविधि संशोधन सम्बन्धमा ।

६) विविध ।

**समिक्षा : ५८ औं नगर कार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा :**

नगर कार्यपालिकाको ५८ औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समिक्षा/छलफल गरी कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णयहरु:**

**निर्णय नं.१) उद्योग प्रबर्द्धन समितिमा सदस्य मनोनयन सम्बन्धमा ।**

प्रस्ताव नं. १ उपर छलफल गर्दा विदुर नगरपालिकामा उद्योग दर्ता सम्बन्धी कार्यविधि २०७७ (संशोधन सहित) को परिच्छेद ४ को दफा १९ बमोजिम गठन गरिने नगर उद्योग प्रबर्द्धन समितिको बुँदा (ग), (घ) र (ङ) अनुसार सदस्यमा तपशिल बमोजिमका सदस्यहरुलाई मनोनित गर्ने निर्णय गरियो ।

बुँदा (ग) को प्रावधान: नगर प्रमुखबाट मनोनित १ महिला सहित २ जना कार्यपालिका सदस्य

(१) वडा नं. ९ का वडा अध्यक्ष एवं कार्यपालिका सदस्य श्री सनी चित्रकार

(२) कार्यपालिका सदस्य श्री रश्मी पाण्डे

बुँदा (घ) को प्रावधान: वडा अध्यक्षहरु मध्येबाट कार्यपालिकाको सिफारिसमा २ जना सदस्य

(१) वडा नं. ६ का वडा अध्यक्ष श्री राजु सडौला

(२) वडा नं. ८ का वडा अध्यक्ष श्री फैसिंह तामाङ

बुँदा (ङ) को प्रावधान: नगरको उद्योग वाणिज्य संघसँग सम्वन्धीत व्यवसायीहरुवाट १ महिला सहित नगर प्रमुखले मनोनित गरेको ३ जना सदस्य

(१) उद्योगी/व्यवसायी श्री सिताराम रिमाल

(२) उद्योगी/व्यवसायी श्री लक्ष्मी प्रधान

(३) उद्योगी/व्यवसायी श्री खील बहादुर अधिकारी

Scanned with CamScanner

**निर्णय नं.२) भूमी सम्बन्धी समस्या समाधान आयोगको सहजीकरण समितिमा सदस्य मनोनयन सम्बन्धमा ।**

प्रस्ताव नं. २ उपर छलफल गर्दा भूमी सम्बन्धी समस्या समाधान आयोगको भूमिहीन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोबासीको स्थानीय तहबाट लगत संकलन सम्वन्धी कार्यविधि २०७७ को दफा ३ (१) अनुसार सहजीकरण समिति गठनको बुँदा (ग), (घ) र (ङ) मा व्यवस्था भए बमोजिम तपशिल सदस्यहरु मनोनित गर्ने निर्णय गरियो ।

बुँदा (ग) को प्रावधानः सम्बन्धीत स्थानीय तहमा क्रियाशिल रहेका राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलका प्रमुख वा निजले तोकेको प्रतिनिधी-सदस्य

(१) नेकपा एमाले - श्री दिपक कायस्थ

(२) नेपाली काँग्रेस - श्री विन्दा अर्याल

(३) नेकपा माओवादी - श्री

बुँदा (घ) को प्रावधानः कार्यपालिकाका सदस्यहरु मध्येबाट एक दलित महिला सहित दुई जना महिला - सदस्य

(१) कार्यपालिका सदस्य श्री कुमारी वि.क.

(२) कार्यपालिका सदस्य श्री मेनुका चौलागाई

बुँदा (ङ) को प्रावधानः संयोजकले मनोनयन गरेका भूमि, आवास लगायतका क्षेत्रमा काम गरिरहेका संघ संस्था, संगठन वा नागरिक समाजका प्रतिनिधि (कम्तीमा १ महिला सहित २ जना) - सदस्य

(१) श्री यमकुमार खाती

(२) श्री निर्मला खड्का

**निर्णय नं.३) रकमान्तर गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा चालु आ.व. २०७७/७८ को स्वीकृत वजेटको कार्यक्रममा रकम भुक्तानीको लागि अपुग भएको तपशिल शिर्षक/कार्यक्रमहरुमा उल्लेखित वमोजिमको शिर्षक/कार्यक्रमहरुबाट रकमान्तर गर्ने ।

| क्र.सं. | रकम घट हुने शिर्षक/कार्यक्रम | रकम | थप हुने शिर्षक/कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १ | कर्मचारी तलब | ३० लाख | विविध सार्वजनिक निर्माण खर्च | ३० लाख |
| २ | करार कर्मचारीहरुलाई तलब | २० लाख | हेभी ईक्युप्मेन्ट सञ्चालन | १६ लाख |
| | | | सम्पदा वस्ती निर्माण अनुदान | ४ लाख |
| ३ | शिक्षण सिकाई सामाग्री | १० लाख | निःशुल्क पाठ्यपुस्तक अनुदान | १० लाख |
| | **जम्मा घट रकम** | **६० लाख** | **जम्मा थप रकम** | **६० लाख** |

निर्णय पुस्तिका

**निर्णय नं.४) IEE स्वीकृत सम्बन्धमा ।**

क) यस विदुर नगरपालिकामा पेश भएको तपशिल प्रारम्भिक वातावरणीय परीक्षण IEE हरु स्वीकृत गर्ने निर्णय गरियो ।

| क.सं. | प्रस्तावक | प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदन नाम | परामर्शदाताको विवरण |
|---|---|---|---|
| १ | विदुर नगरपालिका | नुवाकोट जिल्लाको विदुर नगरपालिका भएर बग्ने तादी खोला किनारबाट दिगो रुपमा ढुंगा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन | जेनेक्स ईन्जिनियरिङ सोल्युशन प्रा.लि. |
| २ | विदुर नगरपालिका | नुवाकोट जिल्लाको विदुर नगरपालिका भएर बग्ने त्रिशुली नदी किनारबाट दिगो रुपमा दिगो रुपमा ढुंगा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन | जेनेक्स ईन्जिनियरिङ सोल्युशन प्रा.लि. |
| ३ | विदुर नगरपालिका | नुवाकोट जिल्लाको विदुर नगरपालिका भएर बग्ने सलाखुँ फलाखुँ गेर्खु खोला किनारबाट दिगो रुपमा दिगो रुपमा ढुंगा, गिट्टी र बालुवा उत्खनन् तथा संकलन कार्यको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन | जेनेक्स ईन्जिनियरिङ सोल्युशन प्रा.लि. |
| ४ | बर्ड स्टोन क्रसर उद्योग प्रा.लि., विदुर ५ | वर्ड स्टोन क्रसर उद्योग संचालन गर्न तयार पारिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन | ईन्भाइरोमेन्टल एवं डेभलपमेन्ट रिसर्च सेन्टर प्रा.लि. |

**निर्णय नं.५) कार्यविधि संशोधन सम्बन्धमा**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा विदुर नगरपालिका भित्र उद्योग व्यवसाय दर्ता सम्वन्धी कार्यविधि २०७७ लाई संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.६) विविध**

(क) २०७८ सालको बाढीबाट क्षतिग्रस्त भएको सिन्धुपाल्चोक जिल्लाको हेलम्वु गाउँपालिकालाई विपद शिर्षकबाट रु. २ लाख रुपैया सहयोग प्रदान गर्ने निर्णय गरियो ।

(ख) २०७८ सालको बाढीबाट क्षतिग्रस्त भएको सिन्धुपाल्चोक जिल्लाको मेलम्ची नगरपालिकालाई विपद शिर्षकबाट रु. ३ लाख रुपैया सहयोग प्रदान गर्ने निर्णय गरियो ।

(ग) विदर नगरपालिका वडा नं ९ टाडाँविसौनामा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमीको स्तरोन्नती तर्फ प्रदान गरिने दुना टपरी बनाउने मेसिनमा उद्यमीको तर्फबाट लागत साझेदारी हुने २०% रकम अत्यन्त न्यून आय अवस्था भएका दलित उद्यमी भएका कारण छुट दिने निर्णय गरियो ।

(घ) विदुर नगरपालिकाको आठौं सभाको निर्णयानुसार प्रत्येक वडामा एक जना कम्प्युटर सहायक करारमा भर्ना गर्ने सन्दर्भमा देहायका विषयलाई समावेश गरि भर्ना प्रकृया अगाडी वढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१) वडा कार्यालयमा कम्प्युटर सम्वन्धी काम गरिरहेका कर्मचारी भएर उमेर हद नाघेको भएपनि एक पटकका लागि प्रतिस्पर्धामा सहभागी हुन दिने ।

२) परीक्षा सम्बन्धी अन्य कुराहरु परीक्षा समितिले तय गर्ने ।

(ङ) भूकम्प पुन निर्माण अन्तर्गत जग्गा खरिद समेतका लागि अनुदान प्राप्त गरेका लाभग्राहीको हकमा नक्सा पास, र नक्सा पास किताव खरिदमा पुरै छुट दिने निर्णय गरियो ।

Scanned with CamScanner